सा.व.उ.स.द.नं.: ७३
सा.व.द.नं.: ४९

कोड नं.: CHI/JU/18/03
☎ : ९८५५०५५६७१

श्री तिनकन्या सामुदायिक वन उपभोक्ता समूह

इच्छाकामना गाउँपालिका-७, गर्दास, चितवन

स्था : २०६७

प.सं.: ०७८/०७९
च.नं.: ३८

मिति : २०७८/०२/०९

श्री इच्छाकामना गाउँपालिका
कुरिनटार, चितवन

विषय - सिफारिस गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा चितवन जिल्ला इच्छाकामना गाउँपालिका अन्तर्गत यस वार्डमा पर्ने क्याङदी खोला को बगरबाट गरिने ढुङ्गा, गिट्टी बालुवा लगायतका निर्माण सामग्रीहरुको संकलन / उत्खनन कार्यको सम्बन्धमा मिति २०७८। वैशाख ९ गतेको नागरिक दैनिकमा प्रकाशित प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सूचना अनुसार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन को सिलसिलामा तयार पारिएको अध्ययन प्रतिवेदन मा उल्लेख गरिएको विषयहरु एवं वातावरणीय प्रभाव तथा न्यूनीकरण / संरक्षणका उपायहरु को बारेमा यस कार्यालयलाई जानकारी भएकोले उल्लेखित वातावरणीय प्रभाव तथा न्यूनीकरण / संरक्षणका उपायहरुको अवलम्बन गरी उक्त प्रस्ताव कार्यान्वयनका लागि वातावरण संरक्षण नियमावली २०५४ को नियम १० अनुसारको सिफारिस [illegible] अनुरु यो सिफारिस गरिएको छ।

अध्यक्ष
मान बहादुर मगर

[illegible]

सा.व.उ.स.द.नं.: ७३

सा.व.द.नं.: ४९

कोड नं.: CHI/JU/18/03

☎ : ९८५५०५९६७१

श्री तिनकन्या सामुदायिक वन उपभोक्ता समूह

इच्छाकामना गाउँपालिका-७, गर्दास, चितवन

स्था : २०६७

प.सं.: ०७८।०७९

च.नं.: ३८

मिति : २०७८।०२।०६

श्री इच्छाकामना गाउँपालिका
कुरिनटार, चितवन

विषय - सिफारिस गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा चितवन जिल्ला इच्छाकामना गाउँपालिका अन्तर्गत पाँच वडामा पर्ने ख्याङ्दी खोला को बगर क्षेत्रबाट गरिने ढुङ्गा, गिट्टी बालुवा लगायतका निर्माण सामग्रीहरुको संकलन / उत्खनन कार्यको सन्दर्भमा मिति २०७८। वैशाख ७ गतेको नागरिक दैनिकमा प्रकाशित प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सूचना अनुसार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको / सिलसिलामा तयार पारिएको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको विषयहरु एवं वातावरणीय प्रभाव तथा न्यूनीकरण / संरक्षणका उपायहरुको बारेमा पनि कार्यान्वयनलाई ध्यानमा आयोजनाले उल्लेखित वातावरणीय प्रभाव तथा न्यूनीकरण / संरक्षणका उपायहरुको अवलम्बन गरी उक्त प्रस्ताव कार्यान्वयनका लागि वातावरण नियमावली २०५४ को नियम १० अनुसारको सिफारिस ढाँचा अनुरूप यो सिफारिस गरिएको छ।

अध्यक्ष
मान बहादुर मगर

दर्ता नं. ४६/७१/२०६७/०६८ कोड नं.: CHI/HA/18/02

रानीखोला सामुदायिक वन उपभोक्ता समूह

इच्छाकामना गाउँपालिका-६, सिमलढाप, चितवन

प.सं. ०७५।०७६ मिति: २०७५।०२।०६ मा

च.नं. १७

श्री इच्छाकामना गाउँपालिका

कुरिनटार, चितवन ।

विषय:- सिफारिस गरिएको सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा चितवन जिल्ला इच्छाकामना गाउँपालिका अन्तर्गत यस वडामा पर्ने खगेरी खोला र स्याङ्ग्री खोलाको बगर ओटबार गरिने ढुङ्गा, गिट्टी, बालुवा ग्राभेल लगायतको निर्माण सामग्रीको संकलन । उत्खनन् कार्यको सम्बन्धमा मिति २०७५ वैशाख १८ गतेको नागरिक दैनिकमा प्रकाशित प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सूचना अनुसार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन को सिलसिलामा तयार पारिएको अध्ययन प्रतिवेदन मा उल्लेख गरिएको विषय वस्तु एवं वातावरणीय प्रभाव तथा न्यूनिकरण संरक्षण को उपायहरुको बारेमा यस कार्यालयलाई जानकारी गराईएकोले उल्लेखित वातावरणीय प्रभाव तथा न्यूनिकरण संरक्षणका उपायहरुको अवलम्बन गरि उक्त प्रस्ताव कार्यान्वयन का लागि वातावरण नियमावली २०५४ को नियम १० अनुसार को सिफारिस ढाँचा अनुरुप यो सिफारिस गरिएको छ ।

अध्यक्ष

राजकुमार राना मगर

दर्ता नं. ७०/७१/०६७/०६८

CHI/HA/18/01

कालिखोला देउराली सामुदायिक वन उपभोक्ता समूह

पत्र सं.: ०७५/०७६

चलानी नं.: २६

मिति : २०७५/२/८

श्री इच्छा कामना गाउँ पालिका

कुरिन टार, चितवन ।

विषय : सिफारिस सम्बन्धमा।

उपरोक्त सम्बन्धमा चितवन जिल्ला इच्छाकामना गाउँ पालिका वडा नं. ८ अन्तर्गत पर्ने स्याउली र रुकोटे खोलाकार क्षेत्र बाट गिटि ढुङ्गा गिट्टी बालुवा लगायत निर्माण सामग्री हरुको संकलन उत्खनन कार्यको सन्दर्भमा मिति २०७५/१/१८ गतेको नागरिक दैनिक मा प्रकाशित प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सूचना अनुसार गरिएको प्रारम्भिक वातावरणीय अध्ययनको सिलसिलामा, तयार पारिएको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको विषयहरु एवं वातावरणीय प्रभाव तथा न्यूनिकरण संरक्षणका उपाय हरुको बारेमा यस कार्यालय लाई जानकारी भएकोले उल्लेखित वातावरणीय प्रभाव तथा न्यूनिकरण पद्धति का उपाय हरुको अवलम्बन गरि उक्त प्रस्ताव कार्यान्वयन का लागी वातावरण ~~नियम~~ नियमावली २०५४ का नियम १० अनुसार को सिफारिस ढाँचा अनुरुप यो सिफारीस गरिएको व्यहोरा अनुरोध छ।

अध्यक्ष

देवलाल पुडासैनी

वि. [illegible]

२६-७७/०६६/०६७ दर्ता नं.: CHI/HA/18/06

श्री सोमरी सामुदायिक वन उपभोक्ता समूह

इच्छाकामना गाउँपालिका-७, खेतबारी, चितवन

०७४/७५
३१

मिति: २०७५।०२।१६

श्री इच्छाकामना गाउँपालिका,
कुरिनटार, चितवन।

विषय :- सिफारिस गरिएको सम्बन्धमा।

उपरोक्त विषयमा चितवन जिल्ला इच्छाकामना गाउँपालिका अन्तर्गत यस वडामा पर्ने स्वर्गेखोला र पाङ्गी खोलाको बगर क्षेत्रबाट गरिने ढुंगा, गिट्टी, बालुवा ग्राभेल लगायतको निर्माण सामग्रीको संकलन / उत्खनन कार्यको क्रममा मिति २०७५ वैशाख १८ गतेको नागरिक दैनिकमा प्रकाशित प्रारम्भिक वातावरणीय परीक्षण (IEE) सम्बन्धी सूचना अध्ययन गरिएको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययनको सिलसिलामा तथा गरिएको अध्ययन प्रतिवेदनमा उल्लेख गरिएको विषयहरू एवं वातावरणीय प्रभाव तथा न्यूनीकरण सम्बन्धी उपायहरूको बारेमा यस कार्यालयलाई जानकारी भएकोले उल्लेखित वातावरणीय प्रभाव तथा न्यूनीकरण सम्बन्धी उपायहरूको अवलम्बन गरी उक्त प्रस्ताव कार्यान्वयनका लागि वातावरण नियमावली २०५४ को नियम १० अनुसार सिफारिस गर्न अनुरूप यो सिफारिस गरिएको छ।

व. उ. अध्यक्ष
(रेशम रानामगर)

रु.

नेपाल सरकार

राष्ट्रपति चुरे-तराई मधेश संरक्षण विकास समिति

[illegible], ललितपुर

प.सं. ०७४/७५

च.नं.: १०८

मिति : २०७४/०५/[illegible]

विषय:- IEE अध्ययन सहमति सम्बन्धमा ।

श्री इच्छाकामना गाउँपालिका,
गाउँकार्यपालिकाको कार्यालय, कुरिनटार, चितवन ।

प्रस्तुत विषयमा तहाँ गाउँपालिकाले यस समितिको अनुसन्धान तथा कार्यक्रम सहयोग इकाई मकवानपुर हेटौडा लाई लेखेको च.नं. १७५० मिति २०७४/०३/१५ को पत्र [illegible] अनुसन्धान तथा कार्यक्रम सहयोग इकाई मकवानपुर हेटौडाको च.नं. [illegible] मिति २०७४/०४/३१ को पत्र बाट चितवन जिल्लाको इच्छाकामना गाउँपालिका अन्तर्गत चुरे क्षेत्रमा पर्ने खगेरी खोलाको बगर क्षेत्र- वडा नं. ७, स्याउदी खोला, काली खोला र थाङखोलाको बगर क्षेत्र - वडा नं. ७ बाट नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी, बालुवा आदी) उत्खनन तथा संकलनको लागि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) अध्ययनको लागि स्वीकृत कार्यसूची (TOR) समेत संलग्न राखि प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयार गर्न सहमति माग भई आएकोमा यस समितिको सचिवस्तरबाट विभिन्न विकल्पहरुको अध्ययन गरी न्यून वातावरणीय क्षति हुने गरी र सो का न्यूनिकरणका योजना र क्रियाकलापहरु स्पष्ट हुने गरी यस समितिबाट स्वीकृत "चुरे क्षेत्रमा नदीजन्य पदार्थ (ढुङ्गा, गिट्टी बालुवा, माटो आदी) हटाउने वा संकलन,उत्खनन् कार्यको स्वीकृती सम्बन्धी कार्यविधि, २०७१" लाई समेत ध्यानमा राखि वातावरण ऐन, २०५३ तथा नियमावली, २०५४ अनुसार प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन तयारीका लागि (IEE अध्ययन गर्न) सहमति दिने भन्ने निर्णय भएको हुँदा सोही व्यहोरा जानकारीको लागि निर्देशानुसार अनुरोध छ ।

(हस्ताक्षर) ०७४/५/१६

टोप बहादुर [illegible]
उप-सचिव (प्रा.)

बोधार्थ :-
अनुसन्धान तथा कार्यक्रम सहयोग इकाई मकवानपुर, हेटौडा:-
प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदन (IEE) अध्ययनका क्रममा आवश्यक पर्ने प्राविधिक सहयोग तथा अनुगमन गर्ने गराउन अनुरोध छ ।

लक्ष्मी सामाजिक विकास केन्द्र, स्था. २०६३

इच्छाकामना गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय, कुरिनटार, चितवन, ३ नं. प्रदेश, नेपाल

प्रमुख प्रशासकीय अधिकृत

अनुसुची ४ : स्विकृत कार्यसूचीको छायाँप्रति

जिल्ला समन्वय समितिको कार्यालय, चितवन

भरतपुर

३ नं प्रदेश, नेपाल

फोन ०५६५२०३३२, ५२०१४७
फ्याक्स ०५६५२२५५७

प.सं. : २०७४/२०७५
च.नं. : १६५९

मितिः२०७५/३/१०

विषय : निर्णय प्रतिलिपी पठाएको ।

श्री इच्छाकामना गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय, चितवन ।

प्रस्तुत विषयमा मिति २०७५ साल असार ६ गतेका दिन जिल्ला समन्वय समिति, चितवनमा बसेको बोर्ड बैठकबाट देहाय बमोजिम निर्णय भएकोले निर्णयको दफा उतार यसैसाथ संलग्न राखी आवश्यक कार्यवाहीको लागि पठाइएको व्यहोरा अनुरोध छ ।

तपसिल

निर्णय नं. २,

चितवन जिल्लाका तपसिलका गाउँपालिका/महाँ नगरपालिकाहरुको क्षेत्र भित्र पर्ने नदी/खोलाहरुको नदीजन्य पदार्थको संकलन उत्खनन् सम्वन्धी प्रारम्भीक वातावरणीय परिक्षणको कार्यसूची (TOR) स्वीकृतीको लागि जिल्ला प्राविधिक कार्यालयबाट सिफारिस भै आए बमोजिम तपसिलका नदी/खोलाहरुको नदीजन्य पदार्थको संकलन/उत्खनन् सम्वन्धी प्रारम्भीक वातावरणीय परिक्षण कार्यसूची (TOR) स्वीकृती गर्ने निर्णय गरियो ।

ईच्छाकामना गाउँपालिका क्षेत्र :

क) खगेरी खोला बगर क्षेत्र ।

ख) कुरिनघाट खोला, बारबाड खोला, धारापानी खोला, रिग्दी खोला र त्रिशुली नदी सोता खण्डको बगर क्षेत्र ।

ग) स्याङदी खोला, काली खोला र थाङखोलाको बगर क्षेत्र ।

(चन्द्रकान्त न्यौपाने)
जिल्ला समन्वय अधिकारी

२०

स्याङदीखोला, काली खोला र थाङखोलाको बगरक्षेत्रबाट दिगो रुपमा नदीजन्य पदार्थ
संकलन/उत्खनन् कार्य संचालनका लागि

प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची (TOR)

२०७५

पेश गरिएको कार्यालय

जिल्ला समन्वय समितिको कार्यालय
भरतपुर, चितवन
३ नं. प्रदेश, नेपाल

प्रस्तावक

इच्छाकामना गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
फोन नं. ०५६-४१०१११, ४१०११२

(नरहरि सापकोटा)

विषयसूचि

१. प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना : २
२. प्रस्तावना
क) सामान्य परिचय: २
ख) प्रस्तावको सान्दर्भिकता: ३
ग) प्रस्ताव कार्यान्वयन हुने क्षेत्र : ३
घ) प्रस्ताव कार्यान्वयन हुने समय : ५
२.१. प्रारम्भिक वातावरणीय परीक्षण गर्नुका उद्देश्यहरु : ५
३. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधि : ५
३.१. अध्ययन विधि : ५
३.१.१ कार्यालयमा गरिने अध्ययन : ५
३.१.१.१. सन्दर्भ सामग्रीहरुको पुनरावलोकन : ६
३.१.१.२ नक्साको अध्ययन : ६
३.१.१.३ चेकलिस्ट, प्रश्नावली, स्थलगत सूचना, अन्तरक्रिया र डाटासिट : ७
३.१.२ फिल्डमा गरिने आवश्यक अध्ययन : ७
३.१.२.१. तथ्याङ्क सङ्कलन र स्रोत सर्वेक्षण : ७
३.१.२.२ भौतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन : ७
३.१.२.३ जैविक वातावरण सम्बंन्धी तथ्याङ्क संकलन : ८
३.१.२.४. सामाजिक, आर्थिक, सांस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन विधि : ८
३.१.३. तथ्याङ्क विश्लेषण : ८
३.१.४. प्रभावको विश्लेषण : ८
३.१.५ प्रभाव न्यूनिकरणका उपायहरु : ९
३.२. अध्ययन क्षेत्र र सीमा : ९
४. प्रतिवेदन तयार गर्दा विचार गर्नुपर्ने नीति, ऐन, नियम तथा निर्देशिका : ९
५. प्रतिवेदन तयार गर्दा लाग्ने समय र अनुमानित बजेट : ११
६. प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव : १२
६.१ भौतिक असर १२
६.२. जैविक असर: १२
६.३ सामाजिक, आर्थिक र साँस्कृतिक असर: १२
६.४ रसायनिक असर : १२
७. प्रस्ताव कार्यान्वयनका विकल्पहरु : १२
८. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावहरुको रोकथामका उपायहरु : १३
९. प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू : १३
10. अन्य आवश्यक कुराहरु (विविध) : १३
11. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा : १४

(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

त्र्याङ्दीखोला,काली खोला र थाङखोलाबाट दिगो रुपमा नदीजन्य पदार्थ संकलन/उत्खनन् कार्यका लागि

प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची (TOR)

प्रतिवेदन तयार गर्ने संस्थाको नाम र ठेगाना

नाम: इच्छाकामना गाँउपालिका
ठेगाना: कुरिनटार, चितवन
फोन नं. ०५६-४१०१११, ४१०११२
वेभसाईट

प्रस्तावना

सामान्य परिचय:

कुनै पनि विकास निर्माणका कार्यक्रमहरु सञ्चालन गर्दा स्थानीय वातावरणमा के कस्ता सकारात्मक र नकारात्मक प्रभाव पर्न सक्ला भनी एकीन गर्नु जरुरी छ। ती कार्यक्रमहरुको कारण स्थानीय जैविक, भौतिक, रासायनिक, आर्थिक तथा सामाजिकसांस्कृतिक वातावरणमा प्रतिकुल असर पर्न सक्दछ। खोलाबाट ढुंगा, गिट्टी, बालुवा संकलन तथा उत्खनन् कार्य गर्दा पनि यस खालको प्रभाव पर्न सक्दछ। प्रस्ताव कार्यान्वयन गर्दा खोलामा भएका ढुङ्गाा, गिट्टी र बालुवा संकलन, ढुवानी र विक्रि वितरणका कार्यहरु हुन्छन्। यी कार्यहरुबाट पर्न सक्ने अनुकुल र प्रतिकुल प्रभावहरुको लेखाजोखा गर्नु जरुरी हुन्छ।

विकास आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय पक्षलाई समावेश गर्नुपर्ने अवधारणा अनुरुप नेपाल सरकारद्वारा वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ जारी भै सकेको छ। उक्त वातावरण संरक्षण ऐन २०५३ को नियम ३ र ४ मा प्रस्तावले कार्यान्वयन गर्न चाहेको प्रस्तावहरुको प्रारम्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्नुपर्ने व्यवस्था गरिनुका साथै प्रस्ताव स्विकृत नगराई कार्यान्वयन गर्न नहुने समेत व्यवस्था गरिएको छ। साथै वातावरण संरक्षण नियमावली २०५४ को नियम ५ मा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले अनुसूची-३ बमोजिमको ढाँचामा कार्यसूची बनाई सो कार्यसूची सम्बन्धित निकायबाट स्वीकृत गर्ने प्रावधान रहेको छ।

संघीय मामिला तथा स्थानिय विकास मन्त्रालय, बातावरण व्यवस्थापन शाखाको च.न. ९०, मिति २०७५/०१/०५ को पत्रानुसार वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ बमोजिम नदिजन्य पदार्थ संकलन/उत्खनन् सम्बन्धि प्रारम्भिक बातावरणीय परिक्षणको कार्यसूचि तथा प्रतिवेदन स्वीकृत गर्ने अधिकार वातावरण संरक्षण नियमावली २०५४ को नियम ५२(२) बमोजिम २०७५ असार मसान्तसम्मका लागि सम्बन्धित जिल्ला समन्वय समितिलाई प्रत्यायोजन गरिएको छ।

त्र्याङ्दी खोला, काली खोला र थांडखोलाबाट दीगो रुपमा ढुंगा, गिट्टी, बालुवा आदी नदिजन्य पदार्थ संकलन तथा उत्खनन् कार्य गर्नु पूर्व प्रारम्भिक वातावरणीय परीक्षण गर्नका लागि कार्यसूची (TOR) तयार गरिएको छ। कार्यसूची (TOR) को मूल लक्ष नीजि सेवाप्रदाय संस्था वा व्यक्तिलाई वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण (IEE) गर्न लगाउनु नै हो।

(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

स्ताव कार्यान्वयनका उद्देश्यहरु:

- स्याङदी खोला, काली खोला र थाङखोलाका वगरहरुमा वर्षेनी थुप्रदै जाने ढुङ्गा, गीटी, बालुवा आदी नदिजन्य पदार्थको दीगो रुपमा सदुपयोग गर्ने ।
- ढुंगा, गीटी, बालुवा आदी नदिजन्य पदार्थ निकाल्दा र ढुवानी गर्दा वातावरणमा पर्ने नकारात्मक प्रभावलाई न्यूनिकरण गर्ने ।
- चितवन जिल्लाको स्याङदी खोला, काली खोला र थाङखोलाका वगरहरुबाट उपयुक्त परिमाणमा ढुंगा, गीटी, बालुवा संकलन गरी स्थानिय माग अनुसार सरलरुपमा आपूर्ति गर्ने ।
- स्थानीयस्तरमा रोजगारीको सिर्जना गरी थप आय आर्जनको अवसर प्रदान गर्ने ।
- स्थानीय विकास निर्माणका कार्यहरुलाई आवश्यक पर्ने निर्माण सामग्रीको आपुर्तिमा सहयोग पुर्‍याउने।

प्रस्तावको सान्दर्भिकता:

...दी खोला, काली खोला र थाङखोलाबाट वर्षेनी मानिसहरुले ढुंगा, गिट्टी, बालुवा आदि झिक्ने गर्दछन् र ...ण कार्यमा उपयोग गर्दछन् । तर यी कार्यहरु जथाभावि संचालन गरी प्राकृतिक स्रोतहरुको प्रयोग गर्दा ...न्य समस्याहरु निम्तिन सक्दछन् । यस कार्यलाई व्यवस्थित गर्दा राजस्व संकलन पनि हुने र जनताको ...ग पनि पूर्ति हुन गर्दछ । चितवन जिल्लाको जनसंख्या जुन गतिमा वृद्धि हुँदै गइरहेको छ सोही गतिलाई ...ाउँदै विकास निर्माणका कार्यहरु पनि संगसंगै बढिरहेका छन् । उक्त निर्माण कार्यका लागि आवश्यक निर्माण सामग्रीहरु ढुंगा, गिट्टी, बालुवा आदिको माग पनि त्यहि कममा बढ्दै गएको छ । यस्ता विकास ...णका कार्यहरुलाई निरन्तरता दिन ढुंगा, गिट्टी, बालुवा जस्ता निर्माण सामग्रीहरुको नियमित आपूर्ति हुनु ...नक छ ।

...स आयोजना तथा कार्यक्रमहरु संचालन गर्दा वातावरणीय पक्षलाई समावेश गर्नुपर्ने अवधारणा अनुरुप ... सरकारद्वारा वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ जारी भै सकेको ...क वातावरण संरक्षण ऐन २०५३ को नियम ३ र ४ मा प्रस्तावले कार्यान्वयन गर्न चाहेको प्रस्तावहरुको ...्भिक वातावरणीय परीक्षण (IEE) वा वातावरणीय प्रभाव मूल्यांकन (EIA) गर्नुपर्ने व्यवस्था गरिनुका ...प्रस्ताव स्विकृत नगराई कार्यान्वयन गर्न नहुने समेत व्यवस्था गरिएको छ । साथै वातावरण संरक्षण ...मावली २०५४ को नियम ५ मा प्रारम्भिक वातावरणीय परीक्षण गर्नु पर्ने प्रस्तावको हकमा प्रस्तावकले ...ची-३ बमोजिमको ढाँचामा कार्यसूची बनाई सो कार्यसूची सम्बन्धित निकायबाट स्वीकृत पर्ने प्रावधान ...रहेको छ । त्यसको लागि यो कार्यसूचीको आवश्यकता पर्ने भएकोले प्रस्तावको सान्दर्भिकता टड्कारो ...छ।

प्रस्ताव कार्यान्वयन हुने क्षेत्र :

...न जिल्ला,इच्छाकामना गाँउपालिका भित्र पर्ने स्याङदीखोला देखि तीनकन्या सामुदायिक वन र ...खोला देउराली सामुदायिक वनको अन्तिम स्थान पुरानो थाङखोला चौकी रहेको स्थानसम्मको खोलाको ...गर यस प्रस्तावको कार्यान्वयन क्षेत्र रहने छ ।

(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

तालिका १ : प्रस्ताव कार्यान्वयन हुने क्षेत्र सम्बन्धि संक्षिप्त विवरण

१	प्रस्तावको नाम :	स्याङदी खोला, काली खोला र थाङखोलाको बगरक्षेत्रबाट दिगो रुपमा नदीजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा आदीको संकलन/उत्खनन् कार्य संचालनका लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE)
२	प्रस्तावको अवस्थिति :	
	विकास क्षेत्र :	मध्यमाञ्चल विकास क्षेत्र
	अञ्चल :	नारायणी
	जिल्ला :	चितवन
	गाँउपालिका :	इच्छाकामना गाँउपालिका
३	खोला/नदीको नाम :	स्याङदी खोला, काली खोला र थाङखोला
४	प्रभावित गाँ.पा./न.पा.:	इच्छाकामना गाँउपालिका ७, कालीका नगरपालिका ३
५	संकलन/उत्खनन् गर्ने क्षेत्र :	स्याङदीखोलादेखि तीनकन्या सामुदायिक वन र कालीखोला देउराली सामुदायिक वनको अन्तिम स्थान पुरानो थाङखोला चौकी रहेको स्थानसम्मको खोलाको बगर क्षेत्र
६	संकलन/उत्खनन् गरिने सामाग्रीहरु :	ढुंगा, गिट्टी र बालुवा
७	संकलन/उत्खनन् गर्ने क्षेत्रको लम्बाई, चौडाई र गहिराई :	• स्याङदी खोला–(क) स्याङदी होमस्टे नजिक देखि अर्गानिक मल उद्योग सम्म ल. ५२५ मि. चौ. १५मि. उ. ०.७५ मि. • स्याङदी खोला–(ख) सिमलढाप जाने ग्रावेल सडक देखि भोटेखोला र थाङखोला सम्म ल. १२०० मि. चौ. १५ मि. उ. ०.५ मि. • काली खोला – भालुमारा देखि सिमलढाप जाने ग्रावेल सडकसम्म ल. २०० मि. चौ. ५.५ मि. उ. ०.५ मि. • थाङखोला -क)– कालिका नगरपालिकाको (सिचाईको बाध) साध देखि थाङखोला वन कार्यालय सम्म ल. ३५० मि. चौ. १८ मि. उ. ०.५ मि. • थाङखोला -ख)– थाङखोला वन कार्यालय देखि थाङखोला र स्याङदीखोलाको दोभान हुदै भोटेखोला सम्म ल. ५७५ मि. चौ. २२ मि. उ. ०.५ मि. विस्तृत विवरण IEE प्रतिबेदनमा उल्लेख गरिने
८	वार्षिक संकलन/उत्खनन् गरिने सामाग्रीहरुको परिमाण	स्याङदी खोला -क)– ५९०० घ.मि.(२०८१५२.०० घ.फी स्याङदी खोला– (ख)९००० घ.मि..(३१७५२०.०० घ.फी

(नरहरि लामछाने)

२८७

		काली खोला – ५५० घ.मि..(१९४०४.०० घ.फी थाङखोला – (क)३१०५० घ.मि..(११११३२.०० घ.फी थाङखोला – (ख)६३२५ घ.मि..(२२३१४६.०० घ.फी
९	अनुमानित बार्षिक राजस्व संकलन :	रु. १७,५८,००० ।- (रु.२ प्रति क्यू.फिट)
१०	संकलन/उत्खनन् विधि :	नदीको दायाँ बायाँ किनाराबाट केहि भाग छोडि सामान्यता हाते औजारबाट कामदारले संकलन/उत्खनन् गर्ने तर विशेष परिस्थिति जस्तै प्राकृतिक प्रकोप न्यूनीकरण, सार्वजनिक विकास निमार्णकार्य आदीको लागि मेसिन प्रयोग गर्न आवश्यक देखिएमा संघिय मामिला तथा स्थानिय विकास मन्त्रालयको मार्गदर्शन २०७३ अनुसार कार्ययोजना बनाई ब्याक हो लोडर जस्ता मेसिन प्रयोग गर्न सकिने । IEE गर्दा मेसिन प्रयोग आवश्यकता देखिएमा सो सम्बन्धि कार्ययोजना IEE प्रतिबेदनमा उल्लेख गरिने छ ।

११ प्रस्ताव कार्यान्वयन हुने समय :

प्रस्तावको कार्यान्वयन यो प्रस्ताव स्वीकृत भएको मितिले आगामी २ वर्ष सम्मको अवधि नै प्रस्ताव कार्यान्वयन हुने समय हुनेछ ।

२.१ प्रारम्भिक वातावरणीय परीक्षण गर्नुका उद्देश्यहरु :

- वातावरणीय प्रभाव अध्ययन गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्नको लागि सहयोग पुऱ्याउने ।
- प्रस्ताव कार्यान्वयन हुने ठाउँहरुको भौतिक, जैविक, रासायनिक, जैविक, आर्थिक, सामाजिक वातावरणमा पर्न सक्ने प्रभावको मूल्याङ्कन गर्ने ।
- सकारात्मक वातावरणीय प्रभावहरुलाई बढाउने र नकारात्मक प्रभावलाई न्यूनिकरण गर्ने उपायहरु अवलम्वन गर्न सुझाव दिने ।

३. प्रतिवेदन तयार गर्दा अपनाउनुपर्ने विधि :

३.१. अध्ययन विधि :

यसमा वातावरण संरक्षण नियमावली २०५४ (संशोधनसहित) को अधिनमा रही सुझाएका प्रक्रिया अनुसरण गरी वातावरणीय अध्ययन गरिनेछ । जस अनुसार सर्वप्रथम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको लागि तयार कार्यसूची स्वीकृत भए पश्चात कुनै एक राष्ट्रिय अखबारमा सार्वजनिक सूचना प्रकाशित गरी प्रस्ताव कार्यान्वयन हुँदा स्थानीय वातावरणमा पर्न सक्ने प्रभावका बारेमा लिखित राय सुझाव दिन अनुरोध गरिनेछ । उक्त सूचना समेतको आधारमा प्राप्त राय सुझावहरु प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको स्थलगत भ्रमण गरी प्रभाव अध्ययन गरिनेछ । साथै उक्त क्षेत्र वरपर पाइने वन, जीवजन्तु, वनस्पति र जैविक विविधतामा पर्नेप्रभाव समेत स्थलगत भ्रमणका क्रममा अध्ययन गरिनेछ । यसरी अध्ययन गरी प्राप्त जानकारी र सरोकारवालाहरु समेतको राय सुझावको आधारमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरिनेछ ।

यसरी विस्तृत प्रतिवेदन तयार गर्न आवश्यक पर्ने पहिलो र दोस्रो क्रमका सूचनाहरु (Primary and Secondary Information) स्थलगत सर्वेक्षणबाट र सन्दर्भ सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त गरिनेछ ।

३.१.१.कार्यालयमा गरिने अध्ययन :

यस प्रकारको अध्ययनमा उपलब्ध सन्दर्भ सामग्रीहरुको अध्ययन, नक्शाहरुको अध्ययन तथा प्रश्नावलीहरुको तयारी र चेकलिष्टहरुको तयारी तथा तिनको परीक्षणपछि अन्तिम रुप दिने कार्य गरिनेछ । कार्यालयमा नै Field बाट प्राप्त सूचनाहरुको विश्लेषण तथा संयोजन गरिनेछ ।

३.१.१.१. सन्दर्भ सामग्रीहरुको पुनरावलोकन :

प्रतिवेदन तयार गर्ने क्रममा सम्बन्धित उद्देश्य प्राप्तिका लागि अध्ययन टोलीले उपलब्ध भए सम्मका सन्दर्भ सामग्रीहरु अध्ययन गर्नेछ । यस क्रममा खासगरी वन क्षेत्रको नीति २०४६, वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४, स्थानीय स्वायत्त शासन ऐन, वन ऐन २०४९, वन नियमावली २०५१, जैविक विविधता सम्बन्धी रणनीति २०५९, राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५०, वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२, सा.वनको दिग्दर्शन, वन क्षेत्रको लागि प्रा.वा.परीक्षण कार्यसूची र प्रतिवेदनको दिग्दर्शन, भूसंरक्षण ऐन, चितवन जिल्लाको वार्षिक वन पैदावार सदुपयोग योजना र पञ्चवर्षीय योजनाहरु प्रमुख रुपमा रहेन छन् । साथै यस सन्दर्भमा सम्बन्धित हुन सक्ने अन्य लेख रचना र सामग्रीहरु भएमा तिनको समेत पुनरावलोकन गरिनेछ ।

३.१.१.२.नक्शाको अध्ययन :

प्रस्ताव कार्यान्वयन हुने क्षेत्र र त्यस वरपरको भौतिक वातावरण सम्बन्धी जानकारी हासिल गर्न निम्न नक्शाहरुको अध्ययन गरिनेछ ।

(नरहरि सापकोटा)

टोपोग्राफिक नक्सा(Topographic Map)

यस प्रयोजनका लागि १:२५००० स्केलको टोपोग्राफिक नक्साहरुलाई प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको उचाई, मोहडा, भिरालोपन र सो क्षेत्रको अवस्था बारेको जानकारी हासिल गर्न प्रयोग गरिनेछ ।

भू-उपयोगिता सम्बन्धी नक्सा (Land Utilization Map)

१:५०,००० स्केलको नक्साहरु प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको अवस्थिति सम्बन्धी जानकारीको लागि प्रयोग गरिनेछ ।

भूमी प्रणाली नक्सा(Land System Map)

१:५०,००० स्केलको नक्साहरु प्रस्ताव कार्यान्वयन हुने क्षेत्रको ढुङ्गा, गिट्टी, बालुवाको परिणाम, जमिनको अवस्था, माटोको प्रकार र गहिराई जानकारी लिन प्रयोग गरिनेछ ।

जिल्लाको नक्सा(District Land System Map)

माडी खोला, काली खोला र थाङखोला वरपरको विभिन्न गाँउपालिका/नगरपालिकाहरुको अवस्थिति थाहा पाउन यस खालका नक्शाहरुको प्रयोग गरिनेछ ।

३.१.२ चेकलिष्ट, प्रश्नावली, स्थलगत सूचना, अन्तरक्रिया र डाटासिट :

प्रस्ताव कार्यान्वयन हुने स्थानहरुको सामाजिक, आर्थिक तथा अन्य सूचनाहरु जिल्लाबाट प्रकाशित हुने र भएमा विभिन्न निकायका मुखपत्रहरुबाट प्राप्त गरिनेछ । सो सूचनाहरुको सत्य तथ्य मिलान गर्न स्थानीय स्तरमा छड्के जाँच गर्न नियमानुसार आवश्यक पर्ने बुँदाहरु समेट्ने गरी प्रश्नावली तथा चेकलिष्ट तयार पारिनेछ । खोला र त्यहाँका वनस्पति तथा वन्यजन्तुहरुको समेत जानकारी हासिल गर्न आवश्यक चेकलिष्ट तयार पारिनेछ ।

३.२ फिल्डमा गरिने आवश्यक अध्ययन :

अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा स्थलगत भ्रमण गरी तहाँको भौतिक, जैविक, सामाजिक सांस्कृतिक तथा आर्थिक वातावरण सम्बन्धी आवश्यक सूचनाहरु हासिल गर्नेछ ।

२.१.२.१. तथ्याङ्क संकलन र स्रोत सर्वेक्षण :

प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका ढुंगा, गिट्टी, बालुवाको परिणामको स्रोत सर्वेक्षण गरी अध्ययन टोलीले निकासी मौज्दात परिमाण, वार्षिक अनुमानित निकाल्न सकिने परिमाण, श्रोतको अवस्था समेतको बारेमा स्रोत संरक्षण गरी निर्धारण गर्नेछ । साथै ढुंगा, गिट्टी, बालुवाको संकलन र ढुवानी कार्यबाट हुन सक्ने रासायनिक पदार्थको प्रभाव र त्यसको न्युनिकरणको बारेमा उपयुक्त राय सुझाव पेश गरिनेछ ।

२.१.२.२.भौतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन :

यस सम्बन्धी कार्यमा अध्ययन टोलीले सम्बन्धित क्षेत्र वरपर रहेका केही नमूना क्षेत्रहरु छानी ती क्षेत्रहरुमा हिंडेर स्थलगत अध्ययन विश्लेषण (Walk-over Survey) गर्नेछ । यस टोलीले प्रस्तावित क्षेत्र वरपर बस्ने ग्रामीण जनता, Key Information, Local Wokers, Truck and Tractor Owners, Local Collecters सँग समूहगत वा एकल सोधपुछ र छलफल गरी यस क्षेत्रको भौतिक जानकारी, खासगरी चट्टान, माटो, जलाधार, पहिरो, खोलानाला, हावापानी आदिका बारेमा थाहा पाउने उपाय गरिनेछ भने रासायनिक पदार्थहरुको प्रभाव तथा प्रतिकुल प्रभाव न्युनिकरण सम्बन्धमा सम्बन्धित विशेषज्ञको विश्लेषण तथा राय सुझाव समावेश गरिनेछ ।

२.१.२.३.जैविक वातावरण सम्बन्धी तथ्याङ्क संकलन :

अध्ययन टोलीले सम्बन्धित क्षेत्रमा स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गर्नेछ । यसको लागि टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्रमा पाइने वन्यजन्तु, चरा, वनस्पति, कीटपतङ्गको हकमा आवश्यक जानकारी टिपोट गर्नेछ ।

त्यसैगरी पानीमा पाइने माछा लगायत जलचरको बारेमा जानकारी लिन खोलामै माछा मारेर निर्वाहा गर्ने माछामारीहरुसँग सोधपुछ गर्ने र संकलित नमूनाहरुको पहिचान गरिनेछ । साथै यहाँ पाइने चरा, पुतली कीरा, स्तनधारी जीवहरुको बारेमा जानकारी लिन स्थानीय जनता, Local Collecters, Truck and Tractor Owners सँग सोधपुछ गर्ने र संकलित नमूनाहरुको पहिचान गरिनेछ । साथै सोही अवसरमा प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्नसक्ने अनुकुल वा प्रतिकुल प्रभावको बारेमा समेत छलफल गरी तथ्याङ्क संकलन गरिनेछ ।

२.१.२.४. सामाजिक, आर्थिक, साँस्कृतिक वातावरण सम्बन्धी तथ्याङ्क संकलन विधि :

यस प्रकारका तथ्याङ्क संकलन गर्न अध्ययन टोलीले प्रस्ताव कार्यान्वयन हुने क्षेत्र वरपर बसोबास गर्ने स्थानीय जनताको घरदैलो कार्यक्रम अपनाई छनौट गरिएका घरधुरी सर्वेक्षण गर्नेछ र सहभागितामूलक ग्रामीण लेखाजोखा PRA Tools -Social map, Transect walk, Timeline, Venn diagram का सहायताबाट तथ्याङ्क हासिल गर्नेछ । उक्त क्षेत्रमा रहेका धार्मिक, पर्यटकीय तथा सांस्कृतिक महत्वका स्थानहरुमा प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने प्रभावका बारेमा समेत स्थानीय स्तरमा सहभागितामूलक छलफलबाट सूचना संकलन गरिनेछ ।

यसरी जानकारीहरु हासिल गर्दा विभिन्न जात, भाषा, धर्म, वर्ग र लिंग आदिको प्रतिनिधित्व हुने गरी व्यवस्था मिलाइनेछ । तयार गरिएका प्रश्नावलीहरु छनौट गरिएका घरधुरीको पारिवारिक विवरण, पेशा, बसोबास, भू-स्वामित्व, कृषि तथा पशुपालन, शैक्षिक स्थिति, वार्षिक आम्दानी, ढुङ्गा गिट्टी र बालुवाको उपयोग सम्बन्धी जानकारी संकलन गर्न प्रयोग गरिनेछ ।

३.१.३. तथ्याङ्क विश्लेषण :

माथिका बुँदाहरुमा बताइए अनुसार तथ्याङ्क संकलन भए पश्चात् प्राप्त सूचनाहरुलाई अध्ययन गरी आवश्यकता अनुसार प्रष्ट गरिनेछ ।

३.१.४. प्रभावको विश्लेषण :

स्थलगत भ्रमणबाट प्राप्त सूचनाहरुको अध्ययन तथा सन्दर्भ ग्रन्थ तथा सामग्रीहरुको पुनरावलोकनबाट प्राप्त जानकारीहरुलाई प्रस्ताव कार्यान्वयन गर्दा हुने वा हुन सक्ने संभाव्य प्रतिकुल र अनुकुल प्रभावको पहिचान गरी तिनलाई भौतिक, जैविक र सामाजिक सांस्कृतिक आर्थिक गरी तीन शीर्षकमा छुट्याएर वर्गीकरण गरिनेछ ।

३.१.५.प्रभाव न्यूनिकरणका उपायहरु :

माथि उल्लेखित ढुंगा, गिट्टी, बालुवाहरु संकलन तथा ढुवानी कार्य गर्दा स्थानीय भौतिक, जैविक र सामाजिक सांस्कृतिक आर्थिक वातावरणमा पर्ने वा पर्न सक्ने सकारात्मक प्रभावहरुलाई बढावा दिन उपयुक्त उपायहरुको बारेमा विशेषज्ञको राय सुझाव सहित उल्लेख गरिनेछ । यसरी छनौट गरिएका उपयुक्त उपायहरुको प्राथमिकीकरणको आधारमा प्रभावकारीरुपमा कार्यान्वयन गर्ने जिम्मेवारी वहन गरिनेछ ।

३.२. अध्ययन क्षेत्र र सीमा :

यो प्रतिवेदन तयार गर्नका लागि अध्ययनक्षेत्रको सीमा चितवन जिल्लाको स्याङदी खोला, काली खोला र भाङखोला यस प्रस्तावको कार्यान्वयन क्षेत्र रहनेछ । यस क्षेत्र र आसपासका वनक्षेत्र तथा वरपरका गाउँपालिका / नगरपालिकामा सीमित राखी आवश्यक तथ्याङ्कहरु संकलन गरिनेछ ।

(नरहरि ...कोटा)
प्रमुख ... अधिकृत

४ प्रतिवेदन तयार गर्दा विचार गर्नुपर्ने नीति, ऐन, नियम तथा निर्देशिका

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्दा निम्न बमोजिमका सरकांरी नीति, ऐन, नियम तथा निर्देशिकाहरुलाई मुख्यरुपमा ध्यान दिई त्यसैको आभारमा तयार गरिनेछ ।

- वातावरण संरक्षण ऐन २०५३ र वातावरण संरक्षण नियमावली २०५४
- राष्ट्रिय वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५०
- स्थानीय स्वायत्त शासन ऐन २०५५
- वन ऐन २०४९ र वन नियमावली २०५१
- वन क्षेत्रको नीति २०४६
- राष्ट्रिय सिमसार नीति, २०५९
- राष्ट्रिय जैविक विविधता सम्बन्धी रणनीति २०५९
- रा.नि. तथा वन्यजन्तु संरक्षण ऐन २०२९
- भू तथा जलाधार संरक्षण ऐन २०३९ तथा नियमावली २०४२
- वन क्षेत्रको वातावरणीय प्रभाव मूल्याङ्कन निर्देशिका २०५२
- वन पैदावर बिक्री वितरण कार्यविधि निर्देशिका
- वन व्यवस्थापन कार्ययोजना जि.व.का चितवन
- सम्बन्धित गाँ.पा. /न.पा.अन्तर्गतका सामुदायिक वन उपभोक्ता समूहको विधान र कार्ययोजना
- वन क्षेत्रका लागि प्रारम्भिक वातावरणीय परीक्षणको कार्यसूची तथा प्रतिवेदन दिग्दर्शन २०६१
- नेपाल सरकार, मन्त्रिपरिषद्को विभिन्न मितिका निर्णयहरु तथा सम्बन्धित मन्त्रालयको परिपत्र ।
- चुरे क्षेत्रका नदी/खोलाबाट नदीजन्य पदार्थ हटाउने वा संकलन उत्खनन् कार्यको स्वीकृति सम्बन्धि कार्य बिधि २०७१
- ढुङ्गा, गीटी, बालुवा तथा मिस्कट संकलन सम्बन्धमा सर्वोच्च अदालतको फौसला
- प्रदेश वन तथा वातावरण मन्त्रालयबाट जारी नितिगत व्यवस्था ।

(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

५. प्रतिवेदन तयार गर्दा लाग्ने समय र अनुमानित बजेट

५.१. समय

क्र.सं.	क्रियाकलापको विवरण	समय		
		बैशाख	जेष्ठ	असार
१	तथ्याङ्क संकलन, सन्दर्भ सामग्रीहरुको अध्ययन र कार्यसूची तयारी	*		
२	जि.स.स.वोर्डमाकार्यसूची पेश गरी स्वीकृति लिने	*		
३	सार्वजनिक सूचना प्रकाशन, चेकलिष्ट तथा प्रश्नावली तयारी, स्थलगत जानकारी संकलन र सार्वजनिक अन्तरक्रिया	*	*	
४	प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ड्राफ्ट तयार		*	
५	सरोकारवालाबाट प्राप्त सुझाव समावेश गरी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन लेखन		*	
६	जिल्ला समन्वय समितिमा प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन पेश गरी स्वीकृति लिने		*	

(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

५.२. अनुमानित बजेट

क्र.सं.	कियाकलाप	परिमाण	कूल जम्मा
१	वातावरण संरक्षण नियमावली २०५४, अनुसूची बमोजिम कार्यसूचि तयार	एकमुष्ट	२५,०००
२	तथ्याङ्क संकलन, सन्दर्भ सामग्रीहरु (नक्सा, पुस्तक, लेख, रचना, पत्रपत्रिका आदि) को अध्ययन	एकमुष्ट	२०,०००
३	सार्वजनिक सूचना प्रकाशन, चेकलिष्ट तथा प्रश्नावली तयारी, स्थलगत जानकारी संकलन आदि	एकमुष्ट	२५,०००
४	गाउँस्तरीय छलफल (सम्बन्धित क्षेत्रका सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया)	एकमुष्ट	२०,०००
५	प्रारम्भिक मस्यौदा प्रतिवेदन लेखन	एकमुष्ट	३०,०००
६	जिल्लास्तरिय IEE पुनरावलोकन तथा सिफारीस समितिमा छलफल तथा गोष्ठि खर्च(बैठक भत्ता, प्रस्तुतकर्ताको पारिश्रमिक, स्टेशनरी, खाना तथा नास्ता)	एकमुष्ट	२५,०००
७	स्थलगत निरिक्षण (जिल्लास्तरिय IEE पुनरावलोकन तथा सिफारीस समिति र कन्सलटेन्टको संयुत्त स्थलगत निरिक्षण)	एकमुष्ट	३५,०००
८	अन्तिम प्रतिवेदन तयार खर्च	एकमुष्ट	४०,०००
९	विविध खर्च	एकमुष्ट	२०,०००
	जम्मा (मु.अ.क. १३% बाहेक) :		२,४०,०००

६.प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने खास प्रभाव

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन कार्यान्वयन गर्दा यस कार्य क्षेत्रमा पर्न सक्ने वातावरणीय प्रभावलाई निम्नानुसार समावेश गरिनेछ :

६.१.भौतिक असर :

- नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवाआदिको संकलन र ढुवानी गर्दा वरपरको माटोमा भौतिक तथा रासायनिक गुणमा पर्ने असरहरु भूस्वरुप, भुवनोट र माटोको अवस्थामा पर्ने असर ।
- माटोमा पर्ने असर, गाडीको निरन्तरताले गल्लीको निर्माण हुन गई भूक्षय हुनसक्ने ।
- वन र वातावरणको प्राकृतिक सौन्दर्यतामा पर्ने असर ।
- भौतिक संरचनाहरु चर्कन तथा भत्कन गई पर्ने असर ।

६.२. जैविक असर:

- स्याङ्दी माला, काली खोला र थाङखोला वरपरको वन र त्यसको पारिस्थितिकी (Ecology) प्रणालीका जैविक विविधतामा र जीवजन्तुका प्रजातिको संख्यामा आउन सक्ने परिवर्तन र प्रभाव ।
- वन्यजन्तुको बासस्थानमा पर्ने असर ।
- वनमा मानिसहरुको निरन्तर प्रवेशले बन्यजन्तु तथा वन पैदावारमा पर्ने असर ।

५.३ सामाजिक, आर्थिक र साँस्कृतिक असर:

- आसपासका धार्मिक मठ मन्दिर, गुम्वा आदि जस्ता पुरातात्विक, ऐतिहासिक, सांस्कृतिक एवं पर्यटकीय महत्वका स्थान विशेषमा पर्नसक्ने प्रभाव ।
- स्थानीय तहका विकास संरचनाहरु जस्तै विद्यालय, स्वास्थ्य संस्था, खानेपानी, यातायातमा पर्न सक्ने प्रभाव ।
- स्थानीय ढुवानी कर्ता र निर्माण तथा कृषि कार्यमा कार्यरत मजदुरमा पर्नसक्ने असर ।
- उत्खनन कार्यबाट मानव जातिको स्वास्थ्यमा पर्न सक्ने नकरात्मक असर ।

५.४ रसायनिक असर:

- इन्धन, लुब्रीकेन्टस्, अम्ल तथा अन्य रसायनहरुको चुहावटबाट वातावरणमा पर्ने असर ।
- धुँवा धुलोको उत्सर्जनबाट वातावरणमा पर्ने असर ।

६. प्रस्ताव कार्यान्वयनका विकल्पहरु

यस प्रतिवेदन प्रस्तावको कार्यान्वयनका विकल्पहरु निम्नानुसार समावेश गरिनेछ ।

(क) प्रस्ताव कार्यान्वयन क्षेत्रको विकल्प ।

(ख) संकलन, प्रशोधन र सदुपयोग गर्ने प्रविधि, समय तालिका बारे हुन सक्ने विकल्प ।

(ग) प्रस्ताव कार्यान्वयन नगर्ने उपयूक्त विकल्पहरुमध्ये अध्ययन र विश्लेषणबाट प्राप्त नतिजाको आधारमा उपयूक्त विकल्प छनौट गरिनेछ ।

७. प्रस्ताव कार्यान्वयनबाट वातावरणमा पर्ने प्रभावहरुको रोकथामका उपायहरु

प्रस्ताव कार्यान्वयन गर्दा देखा पर्न सक्ने भौतिक, जैविक, सामाजिक तथा आर्थिक पक्षमा पर्ने प्रभावहरुको विश्लेषण गरी विस्तृत रुपमा प्रतिवेदनमा उल्लेख गरिनेछ । संकलन क्षेत्रमा भुक्षय तथा बाढीजन्य प्रकोप नियन्त्रण गर्न आवश्यक देखिएमा उक्त कार्य रोकथामका लागि उपयुत्त उपायहरु प्रतिवेदनमा उल्लेख गरिनेछ । प्रतिवेदनमा प्रस्ताव कार्यान्वयनबाट हुने भौतिक, जैविक र सामाजिक र आर्थिक वातावरणमा पर्ने नकारात्मक प्रभाव हटाउन व्यवहारिक उपायहरु सुझाइनेछ । यसरी सुझाइने उपायहरु सुधारात्मक र प्रतिरोधात्मक हुनेछन् । प्रस्ताव कार्यान्वयनबाट पर्न सक्ने सकारात्मक

(नरहरि तापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

प्रभावलाई बढाउने र प्रतिकुल प्रभावलाई न्यूनिकरणका उपायहरुको पहिचान गरी तिनको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने जनशक्ति तथा बजेट समेत प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनमा समावेश गरिनेछ।

९ प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नु पर्ने कुराहरू

यो प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभावहरु कम गर्न लाग्ने खर्च र त्यसबाट प्राप्त हुन सक्ने आर्थिक र अन्य लाभहरुबारे विश्लेषण गरी उपयुक्त सुझाव प्रतिवेदनमा समावेश गरिनेछ। अनुगमन प्रकृयालाई दुरुस्त बनाउन उपयूक्त अनुगमनका सूचकहरु र मापदण्ड तयार पारी प्रभावकारी अनुगमन प्रकिया प्रतिवेदनमा समावेश गरिनेछ।

१० अन्य आवश्यक कुराहरु (बिविध) :

वातावरण संरक्षण ऐन २०५३ तथा वातावरण संरक्षण नियमावली २०५४ बमोजिम प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गरी स्वीकृतिको लागि पेश गर्दा निम्नानुसारका कागजातहरु समेत प्रतिवेदन साथमा संलग्न राखी पेश गरिनेछ।

- वातावरण संरक्षण नियमावली २०५४ को नियम ७(२) बमोजिम प्रस्ताव कार्यान्वयन हुने गाँउपालिका/नगरपालिका, जिल्ला समन्वय समितिको कार्यालय, विद्यालय, अस्पताल वा स्वास्थ्य केन्द्रमा टाँसिने सूचना र सूचना टाँस गरेको मुचुल्काको प्रति।
- प्रस्ताव कार्यान्वयन हुने क्षेत्रका लक्षित समुहको छलफलमा उपस्थित जनसमुदायको उपस्थिति र छलफलको कममा उठेका सुझावहरु समेटिएको विवरण।
- कुनै राष्ट्रिय दैनिक अखबारमा प्रारम्भिक वातावरणीय परीक्षण सम्बन्धी राय सुझाव माग गरिएका सूचना प्रकाशनको प्रतिलिपि।
- प्रारम्भिक वातावरणीय परीक्षण (IEE) अध्ययन गर्ने संस्था, विज्ञहरुले स्थापित नर्म्स र standard बमोजिम स्थलगत अध्ययन गरी प्रतिवेदन तयार गरेको स्वयम् घोषणापत्र तथा प्रस्तावकको प्रतिबद्धता पत्र।
- अन्तिमप्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको १५ प्रति।
- प्रस्ताव कार्यान्वियन हुने क्षेत्रका गाँउपालिका/नगरपालिकाको सिफारिस पत्रको प्रतिलिपि।
- प्रस्ताव कार्यान्वियन हुने क्षेत्रसँग सम्बन्धित विवरण, नक्साहरु, फोटो इत्यादि अनुसूचीमा समावेश गरिनेछ।

११. प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदनको ढाँचा :

प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयार गर्ने प्रस्तावको प्रकृति अनुरुप वातावरण संरक्षण नियमावली २०५४ को अनुसुची ५ मा उल्लेख भएको ढाँचामा निम्नानुसारका बुँदाहरु समावेश गरी प्रतिवेदन तयार गरिनेछ।

(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

- प्रस्तावको सारांश
- विषयसूची
- प्रतिवेदनमा समावेश भएका छोटारुपका शब्दहरु
- परिचय
- प्रतिवेदन तयार गर्ने व्यक्ति वा संस्थाको नाम र ठेगाना
- प्रस्ताव सम्बन्धी विवरण
- प्रस्तावसँग सम्बन्धित नीतिगत तथा कानुनी व्यवस्था र मापदण्ड
- विद्यमान वातावरणीय अवस्था (भौतिक, जैविक, आर्थिक, सामाजिक, सांस्कृतिक) को विवरण
- प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा (भौतिक, जैविक, आर्थिक, सामाजिक, सांस्कृतिक) पर्ने प्रभावहरु
- प्रस्ताव कार्यान्वयनको विकल्पको विश्लेषण
- प्रस्ताव कार्यान्वयन गर्दा वातावरणमा पर्ने प्रभाव तथा तिनलाई कम वा रोकथाम गर्ने उपायहरु
- प्रस्ताव कार्यान्वयन गर्दा अनुगमन गर्नुपर्ने कुराहरु
- निष्कर्ष तथा सुझावहरु
- सन्दर्भ सामग्रीहरुको सूची
- अनुसूचीहरु

(नरहरि सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ५ : ढुङ्गा, गिट्टी, बालुवा आदि नदीजन्य पदार्थ उत्खनन्/संकलनार्थ तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षणको संक्षिप्त विवरण

इच्छाकामना गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
कुरिनटार, चितवन
३ नं. प्रदेश, नेपाल
ढुङ्गा, गिट्टी, वालुवा आदि खोलाजन्य पदार्थ उत्खनन्/संकलनार्थ तयार गरिएको
प्रारम्भिक वातावरणीय परीक्षणको
संक्षिप्त विवरण

जिल्लाको नाम : चितवन
प्रारम्भिक वातावरणीय परीक्षणको अवधि : २०७५/७६ - २०७६/७७ (२ बर्ष)

उत्खनन् गर्ने परिमाणको विवरण

उत्खनन् क्षेत्र नं.	खोलाको नाम	उत्खनन् क्षेत्र	बार्षिक जम्मा हुने परिमाण	वार्षिक उत्खनन् सिफारिस गरिएको परिमाण
१	स्याङ्दी	झगंझगें क्षेत्र	५,४००.००	१,७८२.००
२		समिगौडा क्षेत्र	८,१००.००	२,६७३.००
३		स्यागंदी भोटी खोला दोभान	७,८४०.००	२,५८७.२०
४		थागंखोला वंन इलाका कार्यलय क्षेत्र	१०,८००.००	३,५६४.००
५		थागंखोला क्षेत्र	३,५००.००	१,१५५.००
जम्मा			३५,६४०.००	११,७६१.२०

उत्खनन् क्षेत्रको विवरण

उत्खनन् क्षेत्र नं.	निम्नतम दुरी मिटरमा			
	बस्तीसगँ	राजमार्गसगँको	सिचाँई कुलो	सास्कृतिक केन्द्र
१	बस्ती नभएको	नभएको	सिँचाइ कुलो नभएको	सास्कृतिक केन्द नभएको

प्रभाव तथा सोको वातावरणीय व्यवस्थापन विधि

मुख्य प्रभावहरु	वातावरणीय व्यावस्थापन विधि	वित्तिय क्षेत्रको अनुमान	
		लागत	विनियोजन
भौतिक	बाढी, कटान आदी नियन्त्रण (एकिकृत जलाधार ब्यबस्थापन) र तटबन्ध निर्माण	५५,०००	गाउँपालिकाले संकलन गरेको राजस्व
आर्थिक सामाजिक,	जनचेतना बिकास र आयआर्जनमा बृदि	१५,०००	गाउँपालिकाले संकलन गरेको राजस्व
जैबिक	बनब्यबस्थापन, वातावरण संरक्षण र स्वास्थ्य सरसफाई	३५,०००	गाउँपालिकाले संकलन गरेको राजस्व
वतावरण सम्वन्धि जनचेतना		९,०००	गाउँपालिकाले संकलन गरेको राजस्व

इच्छाकामना गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय कुरिनटार, चितवन ३ नं. प्रदेश, नेपाल
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची ६ : अध्ययन् क्षेत्रका फोटाहरू

थागंखोला क्षेत्रमा रहेको नदीजन्य पदार्थ



थागंखोला क्षेत्रमा रहेको नदीजन्य पदार्थको अध्ययन गर्दै विज्ञ

२७५


थागंखोला माथिपट्टीको क्षेत्रमा रहेको नदीजन्य पदार्थको अध्ययन गर्दै विज्ञ

थागंखोला इलाका वन क्षेत्रमा रहेको Deposition भएको नदीजन्य पदार्थ

स्याङ्गदी भोटी खोला दोभान क्षेत्रमा रहेको Deposition भएको नदीजन्य पदार्थ

स्याङ्गदी भोटी खोला दोभान स्थानीयहरुसगँ अवस्थिति विवरण अध्ययन गर्दै

स्याङ्गदी भोटी खोला दोभानमा टोपोसिट नक्साको अध्ययन गर्दै विज्ञ

समिगौडा क्षेत्रमा रहेको Deposition भएको नदीजन्य पदार्थ

समिगौडा क्षेत्रमा उत्खनन् गरिएको नदी जन्य पदार्थ

समिगौडा क्षेत्रमा उत्खनन् गरिएको नदी जन्य पदार्थ ट्याक्टरबाट ढुवानी गर्दै

२८१

झगंझगें क्षेत्रमा रहेको Deposition भएको नदी जन्य पदार्थ

झगंझगें क्षेत्रको माथिल्लो भागमा रहेको Deposition भएको नदी जन्य पदार्थ

अनुसूची ७ : जिल्ला स्तरीय प्रारम्भिक वातावरणिय परीक्षण पुनरावलोकन तथा सिफारिस समितिको सुझाव

जिल्ला समन्वय समितिको कार्यालय, चितवन

भरतपुर

३ नं प्रदेश, नेपाल

फोन ०५६५२०३३२, ५२०१४७

फ्याक्स ०५६५२२५५७

मिति: २०७५/०६/१६

प.स. २०७५/०७६

च.नं. ९६८

विषय : IEE प्रतिवेदन परिमार्जन गरी पेश गर्ने बारे ।

श्री इच्छाकामना गाउँ पालिका,
गाउँकार्यपालिकाको कार्यालय,
कुरिनटार, चितवन ।

प्रस्तुत विषयमा जिल्ला समन्वय समिति चितवनबाट स्वीकृत Terms of Referece अनुसार तयार गरिएका ५ (पाँच) वटा अलग अलग स्थानको IEE Draft रिपोर्ट मिति २०७५/०६/१५ मा भएको प्रस्तुतीको अवसरमा उठाइएका विषयवस्तुहरु संशोधन हुनेगरी नमूनाको रुपमा स्याङ्दी खोलाको Draft Report मा उल्लेखित विषयमा र अन्य तपसिलका विषयहरु थपघट गरी परिमार्जन सहित पेश गर्नुहुन अनुरोध छ ।

तपसिल

१) कुन स्थानबाट कति परिमाणमा नदीजन्य पदार्थ सकलन गरिने हो Area र गहिराई समेत उल्लेख गर्ने ।
२) माथि बुँदा न. १ मा उल्लेखित परिमाणमा मात्र उत्खनन् गर्ने विषयको अनुगमन संयन्त्र प्रस्ताव गरी पेश गर्ने ।
३) बिड डकुमेण्ट तयार गर्दा कै अवस्थामा वातावरण व्यवस्थापन योजनाको बारेमा ठेकेदारलाई सूचना प्रवाह गर्ने गरी प्रस्ताव पेश गर्ने ।
४) वातावरण संरक्षण नियमावलीको अनुसूचीमा उल्लेखित र स्वीकृत TOR का सबै बुँदाहरुको सम्बोधन हुनेगरी पेश गर्ने ।

जिल्ला स्तरीय प्रारम्भिक वातावरणिय परीक्षण पुनरावलोकन तथा सिफारिस समितिबाट प्राप्त सुझावलाई समावेश गरी प्रतिवेदन पेश गरिएको छ ।

अनुसूची ८ अनुगमनको ढाँचा

१. जिल्ला :

२. अनुगमन गरिएको गाउँपालिका/नगरपालिका :

३. अनुगमन गरिएका क्षेत्रहरु (खोला/नदी) :

४. अनुगमन गरिएको मिति :

५. अनुगमनको पृष्ठभूमि :

६. अनुगमन प्रकृया

अनुगमन गर्दा आवश्यकता अनुसार देहायका सवै वा कुनै तरिकाहरु अवलम्बन गर्नुपर्नेछ ।

- स्थलगत निरीक्षण, अध्ययन, अवलोकन । .
- सम्बन्धित अभिलेखहरुको अध्ययन र विश्लेषण
- स्थानीय तहका राजनैतिक दलका पदाधिकारी तथा स्थानीय निकाय संचालनको राजनैतिकसंयन्त्रका प्रतिनिधिहरुसंग छलफल
- सम्बन्धित उपभोक्ता, सेवाग्राही, कर्मचारी तथा अन्य सरोकारवालाहरुसंग भेटघाट र छलफल ।
- आवश्यकता अनुसार योजनाको प्राविधिक पक्षको अध्ययन ।
- सेवाग्राहीहरुको सम्बन्धित निकायप्रतिको धारणा संकलन ।
- अनुगमनको शिलशिलामा उपयुक्त देखिएका अन्य तरिकाहरु ।

७. प्रतिवेदन प्रणाली र पृष्ठपोषण

अनुगमन टोलीले अनुगमन कार्य सम्पन्न भएपछि प्रतिवेदन पेश गर्ने प्रकृया देहाय बमोजिम हुनेछ :

- अनुगमन टोलीले यसैसाथ संलग्न ढाँचामा प्रतिवेदन जिसस, प्रमुख जिल्ला अधिकारी, जिल्ला अनुगमन तथा समन्वय समिति समक्ष पेश गरिनेछ ।
- प्राप्त प्रतिवेदनलाई जिल्लास्तरीय अनुगमन तथा समन्वय समितिमा छलफल गरी आवश्यक निर्णय लिई जिसिसमा शिफारिस गर्न सक्ने छ ।
- अनुगमन प्रतिवेदनमा देखिएको यथार्थ विवरण र गर्नुपर्ने *कार्यहरुको विवरण* उल्लेख गरी निष्कर्श सहितको सुझाव पेश गरिने छ ।

८. अनुगमन गर्ने पदाधिकारी तथा सहभागीहरु :

१.

२.

३.

४.

५.

६.

७.

९. अनुगमन गर्दा देखिएको यथार्थ विवरण

सि.नं.	मिति	अनुगमन गरिएको क्षेत्र	देखिएको यथार्थ अवस्था	सिफारिस/सुझाव

नि.